त्रिभुवन विश्वविद्यालय
व्यवस्थापन संकाय
जन-प्रशासन केन्द्रीय विभाग
बल्खु, काठमाण्डौं, नेपाल ।

Tribhuvan University
FACULTY OF MANAGEMENT
CENTRAL DEPARTMENT OF PUBLIC ADMINISTRATION
Balkhu, Kathmandu, Nepal.

प.सं. (        ) च.नं / Ref #:

मिति: Date:________________

# सुचना

मिति : २०८२।०३।२५

त्रिभुवन विश्वविद्यालय प्राज्ञिक परिषद् कार्यालयको मिति २०८२।०३।२४ को च.नं. १८३ प्राप्त परिपत्रमा शैक्षिक सत्र २०६२/०६३ देखि २०७७/०७८ सम्म Master of Philosophy तहमा भर्ना भई अध्ययनरत विद्यार्थीहरुको सम्पूर्ण लिखित परीक्षा उर्तिण गरि शोधपत्र बुझाउन बाँकी रहेका विद्यार्थीहरुलाई अन्तिम पटकका लागि मिति २०८२ फागुन मसान्तमा मौखिक परीक्षा सम्पन्न गरी २०८२ चैत्र मसान्त सम्म शोधपत्र बुझाउन भनि निर्णय भई आएको निर्णय नं. १५९ अनुसार, यस जनप्रशासन केन्द्रीय विभागद्वारा संचालित Master of Philosophy in Public Administration तहमा २०६८ सालमा शुरु भर्ना देखि हाल सम्मको अध्ययनरत विद्यार्थीहरुको सम्पूर्ण लिखित परीक्षा उर्तिण गरेको तर विविध कारणले शोधपत्र समयमा बुझाउन नसकेकाहरुको लागि अन्तिम पटकका लागि मिति २०८२ फागुन मसान्तमा मौखिक परीक्षा सम्पन्न गरी २०८२ चैत्र मसान्त सम्म शोधपत्र बुझाउनका लागि सूचित गरिन्छ ।

**यदि अस्पष्टता भएमा जनप्रशासन केन्द्रीय विभागको इमेल : head@cdpa.tu.edu.np र फोन नं. ०१-५६७३०११ मा सम्पर्क गर्नुहोला ।**

..............................
सह.प्रा.डा. नरेन्द्रराज पौडेल
विभागीय प्रमुख

त्रिभुवन विश्वविद्यालय
TRIBHUVAN UNIVERSITY
प्राज्ञिक परिषद्को कार्यालय
OFFICE OF THE ACADEMIC COUNCIL

कीर्तिपुर, काठमाडौं, नेपाल
Kirtipur, Kathmandu, Nepal

२०८२।०३।२४

In reply please refer to
च.नं.: 923/079/082

Date/मिति :...........................

Auto 99553

श्रीमान् डीनज्यू
व्यवस्थापन संकाय
त्रि.वि. किर्तिपुर ।

विषयः- निर्णय पठाएको बारे ।

त्रि.वि. प्राज्ञिक परिषद स्थायी समितिको मिति २०८२ बैशाख ३० गते बसेको बैठकको निर्णय नं. १५९ र १७५ त्यस संकायसँग सम्बन्धित भएकोले आवश्यक कार्यार्थ पठाएको व्यहोरा अनुरोध गर्दछु ।

.............................
केदार नाथ ढकाल
प्रमुख

## निर्णय : १५९

मिति २०८२ जेठ ६ गते बसेको शिक्षाशास्त्र सङ्काय, विद्यापरिषद स्थायी समितिको बैठकको निर्णय नं १ वमोजिम सिफारिस भै आएको उक्त संकाय अन्तर्गत सञ्चालित ग्राजुयट स्कूल अफ एजुकेशन कीर्तिपुरमा शैक्षिक सत्र २०६२/०६३ देखि २०७७/०७८ सम्म दर्शनार्चाय (Master of Philosophy) तहमा भर्ना भई अध्ययनरत विद्यार्थीहरुको सर्म्पूण लिखित परीक्षा उर्त्तीर्ण गरेको तर विविध कारणले एम.फिल सेमेष्टर कार्यविधि अनुसार शोधपत्र समयमा बुझाउन नसकेकाहरुका लागि ग्राजुयट स्कूल अफ एजुकेशन सञ्चालन कार्यविधि, २०७३ अनुसार दोस्रो सेमेष्टरको परीक्षा समाप्त भएको भोलिपल्ट देखि लागू हुनेगरी ६ महिना भित्र दर्शनाचार्य तह शोधपत्र बुझाउनु पर्ने र सो अवधिमा शोधपत्र बुझाउन नसकेका विद्यार्थीहरुका साथै अन्य डीन कार्यालयहरुको हकमा समेत ६ महिना पुन : निःशुल्क समयावधि थप गर्ने र सो अवधिमा पनि शोधपत्र बुझाउन नसकेका विद्यार्थीहरुको लागि सम्बन्धित डीन कार्यालयको एम.फिल. खर्च व्यवस्थापन कार्यविधिमा भएको व्यवस्था अनुसारको शुल्क लिई अन्तिम पटकका लागि मिति २०८२ फागुन मसान्तमा मौखिक परीक्षा सम्पन्न गरी २०८२ चैत्र मसान्त सम्म शोधपत्र/परियोजना कार्य (Project Work) बुझाउनका लागि समयावधि थप गर्न स्वीकृति दिने ।